

NE

# औँठाछापहरू र Eurodac

नियमन (EU) नम्बर 603/2013 को धारा 29 (3) अनुरूप तेस्रो-राष्ट्रका जनता वा सदस्य राज्यमा गैरकानूनी रूपमा बस्दै आएका राज्यविहीन व्यक्तिहरूका लागि जानकारी

तपाईं डब्लिन राज्य[1]मा गैरकानूनी रूपमा बस्दै हुनुहुन्छ भने, अधिकारीहरूले तपाईंका औँठाछापहरू लिएर 'Eurodac' औँठाछाप डाटाबेसमा फरवार्ड गर्न सक्छन्। यसको एकमात्र उद्देश्य भनेको तपाईंले पहिले नै आश्रय-स्थलको लागि आवेदन दिनुभएको छ वा छैन भनी निर्धारण गर्नु हो। तपाईंको औँठाछाप डाटालाई Eurodac डाटाबेसमा भण्डार गरिनेछैन तर तपाईंले पहिले नै अर्को राष्ट्रमा आश्रय-स्थलको लागि आवेदन दिनुभएको छ भने, तपाईंलाई सो राष्ट्रमा फिर्ता पठाउन सकिन्छ।

अन्य कुराहरूका बीचमा, तपाईंले आफ्ना औँलाहरूमा जानाजान क्षति पुर्‍याएका कारणले गर्दा तपाईंका औँठाछापहरू खराब गुणस्तरका छन् भने, तपाईंका औँठाछापहरू फेरि लिइनेछ।

Eurodac eu-LISA भनिने यूरोपियन युनियन एजेन्सीद्वारा सञ्चालित छ। तपाईंका डाटालाई कानूनद्वारा निर्धारित प्रयोजनहरूको लागि मात्र प्रयोग गरिन सक्छ। Eurodac केन्द्रीय प्रणालीले मात्र तपाईंको डाटा प्राप्त गर्छ। तपाईंले भविष्यमा अर्को डब्लिन राज्यमा आश्रय-स्थलको लागि आवेदन दिनुहुन्छ भने, Eurodac लाई फरवार्ड गर्नको लागि तपाईंका औँठाछापहरू पनि लिइनेछन्। Eurodac मा भण्डार गरिएका डाटालाई डब्लिन राज्यहरूसँग सम्बन्धित नभएका अन्य राज्य वा संस्थाहरूमा आदान-प्रदान गरिनेछैन।

---

1) **सम्पूर्ण यूरोपियन युनियन (अस्ट्रिया, बेल्जियम, बुल्गेरिया, क्रोशिया, साइप्रस, चेक गणतन्त्र, डेनमार्क, इस्टोनिया, फिनल्याण्ड, फ्रान्स, जर्मनी, ग्रीस, हङ्गेरी, आयरल्याण्ड, इटाली, लात्भिया, लिथुआनिया, लक्जम्बर्ग, माल्टा, नेदरल्याण्ड्स, पोल्याण्ड, पोर्चुगल, रोमानिया, स्लोभाकिया, स्लोभेनिया, स्पेन, स्वीडेन, संयुक्त अधिराज्य) र डब्लिन नियमनमा "सम्बद्ध" चार वटा राष्ट्रहरू (नर्वे, आइसल्याण्ड, स्वीट्जरल्याण्ड र लिस्टेनस्टेन) सँग सरोकार राख्छ।**

**©European Union 2014**

**पुनरूत्पादनको अनुमति दिइन्छ। व्यक्तिगत फोटोहरूको प्रयोग वा प्रतिलिपिकरणको अनुमति सिधै प्रतिलिपि अधिकारका मालिकहरूद्वारा प्राप्त गर्नुपर्नेछ।**



## सम्पर्क विवरणहरू

**शरणार्थी अधिकारीका ठेगाना र विवरणहरू**
Bundesamt für Migration und Flüchtlinge (BAMF)
Frankenstraße 210
90461 Nürnberg
टेलिफोन: +49 (0)911 943 0
फ्याक्स: +49 (0)911 943 10000
इमेल: service@bamf.bund.de

**Eurodac परीक्षकका ठेगाना र विवरणहरू**
Bundeskriminalamt (BKA)
65173 Wiesbaden
टेलिफोन: +49 (0)611 55 0
फ्याक्स: +49 (0)611 55 12141
www.bka.de

**हाम्रा अधिकारीहरूलाई तपाईंले अर्को राज्यमा आश्रय-स्थलको लागि आवेदन दिनुभएको छ र सो आवेदनको जाँच गर्नको लागि अर्को राज्य जिम्मेवार हुनसक्छ भन्ने शंका लागेमा, उनीहरूले तपाईंलाई यसपछिका प्रक्रिया र यसले तपाईं र तपाईंका अधिकारहरूलाई कसरी प्रभाव पार्छ भन्नेबारे विस्तृत जानकारीहरू उपलब्ध गराउनुहुनेछ।**

